# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६


पत्र संख्या : २०७७/०७८ मिति :- २०७७/०६/०७

चलानी नम्बर :-

## सूर्तिजन्य पदार्थको कारोवार गर्न इच्छुक व्यक्तिहरुले अनुमतिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०७७।०६।०७ गते)**

नगरपालिकाले तोकेको स्थलमा सूर्तिजन्य पदार्थको कारोवार गर्न इच्छुक प्रचलित कानुन बमोजिमको निकायबाट सूर्तिजन्य पदार्थको व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त व्यक्तिहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्न मिति २०७७/०५/१८ सूचना प्रकाशन गरिएकोमा तोकिएको अवधिभित्र पर्याप्त दरखास्त नपरेकोले पुनः दोस्रो पटक (अन्तिम पटकको लागि) ३५ (पैतिस) दिन म्याद भएको सूचना लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ को दफा ९ को खण्ड (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । तोकिएको अवधिभित्र अनुमतिको लागि दरखास्त पेश नगरिएमा यो सूचना प्रकाशन भएको मितिले (३५) पैतिस दिनपछि कोही कसैले नगरपालिका क्षेत्रभित्र सूर्तिजन्य पदार्थको कारोवार गरेको पाइएमा जुनसुकै बखत त्यस्तो सूर्तिजन्य पदार्थ जफत गरी निर्देशिका बमोजिमको दण्ड तथा सजाय समेत गरिने व्यहोरा यसै सूचना मार्फत सचेत गराइन्छ ।

### तपसिल

(क) कसैले पनि एक्काइस वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन् ।

(ख) नगरपालिकाले तोकेको देहायको स्थलमा सम्बन्धित वडा कार्यालयको सिफारिस, वडास्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिको सिफारिसमा तोकिएको अनुमति शुल्क तथा स्वास्थ्य सेवा शुल्क तिरेर मात्र सार्वजनिक स्थल (राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय, शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था, विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब, सार्वजनिक शौचालय, उद्योग तथा कल कारखानाका कार्यस्थल, चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला, होटल, मोटल,

रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह, रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस, डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट, धर्मशाला तथा धार्मिक स्थल, सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर) बाट कम्तीमा २०० मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन् ।

१. वडा नं. १, २ र ३ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको २०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।
२. वडा नं. ४, ५, ६, ७ र ८ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको २०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।
३. वडा नं. १२, ९, १४ र ६ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको २०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।
४. वडा नं. १०, ११, १३ र १४ लाई पायक पर्ने गरी सार्वजनिक स्थलको २०० मिटरभित्र नपर्ने गरी कुनै एक ठाउँमा ।
५. शुल्क सम्बन्धी व्यवस्था

| क्र.स. | करको विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | अनुमति शुल्क, कारोवार दर्ता तथा नवीकरण शुल्क (सूर्तिजन्य पदार्थको हकमा) | वार्षिक न्यूनतम रु २०,०००/- | |
| २ | स्वास्थ्य सेवा शुल्क | | |
| | सूर्तिजन्य पदार्थ (चुरोट, सूर्ति, बिंडी, गुट्का, पुकार लगायत) | रु १५ प्रतिपोका<br>रु ३०० प्रतिबोरा | |

(ग) फुटकर रुपमा चुरोट, बिंडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न पाउने छैन् ।
(घ) निःशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन् ।
(ङ) सूर्तिजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन् ।
(च) नगरपालिकाबाट माथि उल्लेखित सम्पूर्ण शर्तहरु पालना गर्ने गरी अनुमति लिए बाहेकका व्यक्तिहरुले सूर्तिजन्य पदार्थको कारोवार गरेको पाईएमा वा शर्तहरुको पालना नगरिएमा वा निर्देशिकामा उल्लेखित अन्य प्रावधानहरुको उल्लङ्घन भएमा लागू औषध निषेध, मदिरा

☎ ०८८-४०११४६

तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी निर्देशिका, २०७७ को दफा ९ बमोजिम सजाय हुनेछ ।

(छ) अनुमतिको लागि नगरपालिकामा पेश गर्ने आवेदनको ढाँचा नगरपालिकाको आधिकारिक वेवसाईट www.chaurjaharimun.gov.np मा राखिएको छ । उक्त ढाँचा वेवसाइटबाट डाउनलोड गरी वा नगरपालिका कार्यालयबाट प्राप्त गरी आवश्यक विवरण भरी माथि शर्तको बुँदा नं. (ड) मा उल्लेख भए बमोजिम न्यूनतम रु २०,०००/- (बीस हजार मात्र) नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, चौरजहारीमा रहेको धरौटी खाता नं. ४३३०१००३०३००००२ मा जम्मा गरेको भौचर र माथि उल्लेख भए अनुसारका आवश्यक कागजातहरु संलग्न राखि बुझाउन सकिनेछ ।

(ज) प्राप्त आवेदन उपर नगरस्तरिय सामाजिक रुपान्तरण तथा सुधार समितिमा छानविन हुनेछ । छानविनको क्रममा तोकिएका सम्पूर्ण शर्तहरु पालना हुने सुनिश्चितताको आधारमा मात्र अनुमति दिने/नदिने निर्णय गरिनेछ । अनुमति नदिने निर्णय भएमा माथि बुँदा नं. (छ) मा उल्लेख भए अनुसारको धरौटी खातामा जम्मा गरिएको रकम फिर्ता हुनेछ ।

(झ) थप जानकारीको लागि नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ वा फोन नं. ०८८४०११४६ मा फोन गरी बुझ्न सकिनेछ ।

..........................

रामबहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत